# ज्योति विकास बैंक लि.
# JYOTI BIKASH BANK LTD.

*More than a Bank*

Kamaladi, Kathmandu Tel:01-4411116,4427550 Fax No:01-4442192, Website: www.jbbl.com.np

## Unaudited Financial Results (Quarterly)
## As at Ashad End 2070 (2070/03/31) of the Fiscal Year 2069/070

(Rs. In'000)

| S.N. | Particulars | This Quarter Ending (Ashad End 2070) | Previous Quarter Ending (Chaitra End 2069 ) | Corresponding Previous Year Quarter Ending (Ashad End 2069) |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities(1.1 to 1.7)** | **4,998,944** | **4,711,338** | **4,490,165** |
| 1.1 | Paid Up Capital | 740,000 | 740,000 | 740,000 |
| 1.2 | Reserve and Surplus | 150,444 | 126,736 | 77,843 |
| 1.3 | Debentures and Bonds | - | - | - |
| 1.4 | Borrowings | - | - | - |
| **1.5** | **Deposits(a+b)** | **3,926,740** | **3,697,071** | **3,555,481** |
| | *a. Domestic Currency* | 3,919,567 | 3,690,473 | 3,546,371 |
| | *b. Foreign Currency* | 7,173 | 6,599 | 9,110 |
| 1.6 | Income Tax Liability | - | - | 2,746 |
| 1.7 | Other Liabilities | 181,760 | 147,530 | 114,094 |
| **2** | **Total Assets(2.1 to 2.7)** | **4,998,944** | **4,711,338** | **4,490,165** |
| 2.1 | Cash and Bank Balance | 290,814 | 291,910 | 295,091 |
| 2.2 | Money at Call and Short Notice | 1,019,930 | 770,833 | 832,712 |
| 2.3 | Investments | 159,220 | 187,311 | 206,921 |
| **2.4** | **Loans and Advances (a+b+c+d+e+f)** | **3,388,574** | **3,335,103** | **3,031,729** |
| | *a. Real Estate Loan* | 361,671 | 383,513 | 418,583 |
| | *1. Residential Real Estate (Except Personal Home Loan upto Rs. 1Crore)* | 40,388 | 41,499 | 42,768 |
| | *2. Business Complex & Residential Apartment Construction Loan* | - | - | - |
| | *3. Income generating Commercial Complex Loan* | - | - | - |
| | *4. Other Real Estate Loan (Including Land purchase & plotting)* | 321,283 | 342,014 | 375,815 |
| | *b. Personal Home Loan of Rs. 1Crore or Less* | 379,952 | 360,718 | 339,397 |
| | *c. Margin Type Loan* | 122,162 | 109,888 | 104,840 |
| | *d. Term Loan* | 914,350 | 903,827 | 799,011 |
| | *e. Overdraft Loan / TR Loan / WC Loan* | 1,079,114 | 1,055,690 | 1,028,716 |
| | *f. Other* | 531,325 | 521,467 | 341,181 |
| 2.5 | Fixed Assets | 53,795 | 51,346 | 48,863 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 86,613 | 74,836 | 74,849 |
| **3** | **Profit and Loss Account** | **Up to This Quarter Ending (Ashad End 2070)** | **Up to Previous Quarter Ending (Chaitra End 2069)** | **Up to Corresponding Previous Year Quarter Ending (Ashad End 2069)** |
| 3.1 | Interest Income | 515,530 | 371,873 | 474,522 |
| 3.2 | Interest Expenses | 296,152 | 223,006 | 288,628 |
| | **A.Net Interest Income(3.1-3.2)** | **219,379** | **148,867** | **185,894** |
| 3.3 | Fees, Commission and Discount | 23,422 | 17,625 | 5,834 |
| 3.4 | Other Operating Income | 8,819 | 6,169 | 24,802 |
| 3.5 | Foreign Exchange Gain/Loss(Net) | 101 | 43 | 99 |
| | **B. Total Operating Income(A+3.3+3.4+3.5)** | **251,721** | **172,704** | **216,629** |
| 3.6 | Staff Expenses | 43,151 | 31,649 | 39,777 |
| 3.7 | Other Operating Expenses | 70,617 | 49,655 | 63,769 |
| | **C.Profit Before Provision(B-3.6-3.7)** | **137,953** | 91,400 | **113,083** |
| 3.8 | Provision for Possible Losses | 23,881 | 14,584 | 25,868 |
| | **D. Operating Profit(C-3.8)** | **114,071** | 76,816 | **87,215** |
| 3.9 | Non Operating Income/Expenses(Net) | 17 | 17 | - |
| 3.10 | Write back of Provision for Possible Loss | - | - | - |
| | **E. Profit from Regular Activities(D+3.9+3.10)** | **114,088** | **76,833** | **87,215** |
| 3.11 | Extra Ordinary Income/Expenses(Net) | - | - | - |
| | **F. Profit Before Bonus and Taxes(E+3.11)** | **114,088** | **76,833** | **87,215** |
| 3.12 | Provision for Staff Bonus | 10,372 | 6,985 | 7,929 |
| 3.13 | Provision for Tax | 31,115 | 20,954 | 23,812 |
| | **G. Net Profit/Loss(F-3.12-3.13)** | **72,602** | **48,893** | **55,474** |
| **4** | **Ratios** | **This Quarter Ending (Ashad End 2070)** | **Previous Quarter Ending (Chaitra End 2069)** | **Corresponding Previous Year Quarter Ending (Ashad End 2069)** |
| 4.1 | Capital Fund to RWA | 22.93% | 21.73% | 25.03% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 3.33% | 2.39% | 1.30% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 83.10% | 103.93% | 172.80% |
| 4.4 | Cost of Funds | 8.76% | 8.92% | 10.57% |
| 4.5 | CD Ratio (Calculated as per NRB Circular) | 70.50% | 73.27% | 69.51% |

Note : a) Financial statement may be changed if amendment made by supervisory authority or statutory auditor.
b) Comparative figures have been rearranged wherever required necessary."

# ज्योति विकास बैंक लि.
# JYOTI BIKASH BANK LTD.
More than a Bank
Kamaladi, Kathmandu Tel:01-4411116,4427550 Fax No:01-4442192, Website: www.jbbl.com.np


## आर्थिक वर्ष २०६९/७० को चौथो त्रैमासिक विवरण
### धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२(२) संग सम्बन्धित

१. वित्तीय विवरण :

(क) आर्थिक वर्ष २०६९/७० को चौथो त्रयमासको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण मिती २०७०/०४/३१ को "नागरिक" दैनिकमा प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु:

| विवरण | यस त्रैमास | गत त्रैमास | गत वर्षको यसै त्रैमास |
|---|---|---|---|
| प्रति शेयर आम्दानी (Annualized) | रु. ९.८१ | रु. ८.८१ | रु. ७.४७ |
| पी/ई रेसियो | ७.७५ | ८.९७ | १२.१९ |
| प्रति शेयर नेटवर्थ | रु. १२०.३३ | रु. ११७.१३ | रु. ११०.१३ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य | रु. ६७५.५३ | रु. ६३६.४० | रु. ६०६.७६ |
| तरलता अनुपात | ३७.४१% | ३३.८१% | ३७.५४% |

**२. व्यवस्थापकीय विश्लेषण :**

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :
यस त्रैमासमा बैंकको निक्षेप तथा कर्जा लगानीमा गत त्रैमासको तुलनामा बृद्धि भएको छ । बैंकको सोही अवधिमा तरलता अवस्था सवल रहेको छ । यस त्रैमासमा बैंक रु. ७.२६ करोड खुद नाफा आर्जन गर्न सफल भएको छ ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :
सेवा तथा सुविधाको गुणस्तरलाई अभिवृद्धि गर्दै बैंकिङ्ग सेवा शहरी तथा ग्रामीण क्षेत्रमा बिस्तार गर्नका लागि विभिन्न रणनीतिक महत्वका स्थानमा शाखा तथा ATM स्थापना गर्ने, राष्ट्रिय प्राथमिकतामा परेका क्षेत्रहरु कृषि, उर्जा, पर्यटन तथा साना तथा मझौला उद्योगहरुमा लगानी गर्ने, समय सापेक्ष ग्राहक मुखी नयाँ सेवातथा सुविधाहरु (Modern Banking Facilities) थप गर्दै लैजाने कार्य योजना अनुरुप यसै आ.व.मा थप सात वटा शाखा विस्तार गर्ने योजना रहेको छ ।

(ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : नभएको ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए : नभएको ।

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए : बैंकको जानकारीमा नभएको ।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए : बैंकको जानकारीमा नभएको ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :
दोस्रो बजारमा हुने शेयर कारोबार शेयरको माग र आपूर्तिको सिद्धान्त र देशको समग्र आर्थिक स्थितिमा आधारित हुने भएकोले बैंकको यस सम्बन्धमा कुनै विशेष धारणा नभएको ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोबार संख्या :
अधिकतम मूल्य : रु. ८१, न्यूनतम मूल्य : रु. ७०, अन्तिम मूल्य : रु. ७६, कारोवार भएको कुल दिन : ५८ कारोबार संख्या : ९२७ कारोबार मार्फत ८०,३८० कित्ता शेयर

**५) समस्या तथा चुनौति:**

आन्तरिकः समयमा कर्जा असुल हुन नसकी उत्पन्न हुनसक्ने जोखिम ।
कर्जामा ब्याज परिवर्तनबाट हुनसक्ने जोखिम ।
विभिन्न कारणले हुन सक्ने संचालन जोखिम ।
दक्ष कर्मचारी Retention तथा Development हुन नसकी उत्पन्न हुनसक्ने जोखिम ।

बाह्यः देशको संक्रमणकालीन राजनैतिक अवस्था, न्यून आर्थिक वृद्धिदर, लगानी मैत्री वातावरणको अभाव, उर्जा संकट भएको अवस्थामा समग्र वित्तिय कारोवारमा आएको कमी ।
निक्षेप तथा कर्जाको ब्याजदरतर्फ बैंकहरु बीच देखिएको प्रतिस्पर्धा ।
सरकार, नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायहरुको नीति-निर्देशनमा हुने परिवर्तन ।

रणनीतिः कर्मचारीहरुलाई समय-समयमा विभिन्न बैंकिङ्ग प्रशिक्षणमा पठाउनुका साथै In-House Training को व्यवस्था गरिएको ।
बैंकिङ्ग क्षेत्रमा देखिएको बढ्दो प्रतिस्पर्धासंगै अगाडी बढ्न बैंकले समयानुसार विभिन्न ग्राहकलाई समेट्न नयाँ सेवा ल्याउने र समयानुसार कर्जा तथा निक्षेपको ब्याजदरमा परिमार्जन गरी उचित स्प्रेड दर कायम गर्ने ।
आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापनलाई चुस्त बनाउने ।
रणनीतिक महत्वका स्थानमा शाखा विस्तार गरी बैंकलाई सबल बनाउने ।
गुणात्मक मर्जर वा एक्विजिसन (Acquisition) को माध्यमबाट बैंकलाई सबल बनाउने ।
कर्मचारीहरुको वृत्तिविकासलाई उच्च प्राथमिकता दिंदै Succession Plan तयार गरी दक्ष कर्मचारीहरुको Retention तथा Development गर्ने ।

**६) संस्थागत सुशासन :**

संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण :
शेयरधनी, निक्षेपकर्ता लगायत सरोकारहरुको हित संरक्षण एवं संस्थागत सुशासन कायम राख्नका लागि बैंकको संचालक समिति, आन्तरीक लेखा परिक्षण समिति, जोखिम व्यवस्थापन समिति, आर्थिक निर्देशन समिति, कर्मचारी व्यवस्थापन र सेवा सुविधा समिति लगायत विभिन्न समितिहरु क्रियाशील रहेको, बैंक पदाधिकारी तथा कर्मचारीहरुका लागि आचार संहिता जारी गरिएको र बैंकको संस्थागत ढांचा समेत सोहि अनुरुप बनाईनुका साथै नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायहरुद्धारा जारी गरिएका नीति-निर्देशनहरु पूर्णरुपमा पालन भईरहेको छ ।

**७) सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गर्दै निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।